**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २० अक्तूबर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- कोलकाताको चोरबागानमा दुर्गापूजाको अवधि मचेको भागदौड़मा ज्यान गुमाउनेहरुका परिजनहरुलाई मुख्यमंत्री शुभेन्दु अधिकारीले आज २५-२५ लाख रुपियाँको आर्थिक सहायताको चेक सुम्पिनुभएको छ।

- राज्यमा साथै दार्जीलिङ्ग पार्वतीय क्षेत्रमा आज महानवमी को महापर्व मनाइयो भने भोलि दार्जीलिङ पार्वतीय क्षेत्र साथै देशका विभिन्न भागहरुमा बसोबासो गर्ने गोर्खा नेपाली जातिले बड़ा दशैं मानउनेछ।

- राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी. पी. राधाकृष्णन् अनि प्रधानमंत्री नरेन्द्र मोदी देशवासीलाई विजयदशमीको शुभकामना दिनुभएको छ।

- वर्ल्ड वाइड फन्ड फर नेचर (WWF) – इन्डियाले देशभरी 'हरित दीपावली' अभियान सुरु गरेको छ।

- मौसम विभागले दार्जिलिङ, कालेबुङ लगायत समग्र पहाडी क्षेत्रमा आगामी दिनहरूमा मौसम मुख्यतः सफा रहेतापनि आंशिक रुपमा बदल लाग्न सक्ने सम्भावना व्यक्त गरेको छ।

**मुख्यमंत्री-२५ लाख**

कोलकाताको चोरबागानमा दुर्गापूजाको अवधि मचेको भागदौड़मा ज्यान गुमाउनेहरुका परिजनहरुसित भेटवार्ता गर्न मुख्यमंत्री शुभेंदु अधिकारी आज विभिन्न जिल्लाहरु पुग्नुभयो। आज महानवमीको दिन उहाँले पूर्व बर्दवान, हुगली, नदिया अनि हावड़ा मा मृतकहरुका परिजनहरुसित भेटवार्ता गरी संवेदना व्यक्त गर्नुभयो। यसको साथै मुख्यमंत्रीले प्रत्येक मृतकका परिजनहरुलाई 25 लाख रुपियाँको आर्थिक सहायताको चेक पनि सुम्पिनुभयो।

**महानवमी**

राज्यमा साथै दार्जीलिङ्ग पार्वतीय क्षेत्रमा आज महानवमी को महापर्व मनाइयो। यो पर्व विश्वमा एक लड़ाकू जाति भनी चिन्हित गोर्खाहरुको मार उत्सव पनि हो। मार उत्सव गोर्खाहरुको पारम्परिक उत्सव हो, जसमा दुर्गा माता को प्रतिमा अघि बली दिने प्रथा छ। गोर्खा समुदायको परम्परागत शक्ति उपासनामा खुकुरीलाई शक्तिको प्रतिकको रुपमा पुजा गर्ने चलन समेत रहेको ऐतिहासिक विवरणहरुमा उल्लेख भएको पाइन्छ। आधुनिक समयमा धार्मिक अभ्यास र सामाजिक दृष्टिकोणमा आएको परिवर्तन साथै यस्ता परम्पराहरुको स्वरुपमा पनि फेरबदल आएको देखिन्छ। यसको साथै दार्जीलिङ्ग पहाड़ तथा देश भरि छरिएर बसेका सम्पूर्ण गोर्खा नेपाली जातिले भोलि विजयदशमी बड़ा दशैंको रुपमा पालन गर्नेछन्। यो नेपाली जातिको सबै भन्दा ठुलो चाड़ हो। बड़ा दशै मानउनका लागि सर सामानहरु किन्न दार्जीलिङ, कालेबुङ तथा खरसाङका बजारहरुमा मानिसहरुको धेरै भीड़ बनी रहेको छ। बजारमा मानिसहरुको भीड़ बनीरहेको कारण सड़कहरुमा पनि वाहनहरुको ट्राफिक जाम भइरहेको पनि बताइएको छ।

**विजयादशमी**

असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा देशका अन्य भागहरुमा आज विजयादशमी पर्व मनाइँदै छ। यो पर्व नौ दिनसम्म चल्ने नवरात्री र दुर्गा पूजाको भव्य उत्सवको समापन पनि हो। यस अवसरमा देवी दुर्गाका मूर्तिहरू नदी, ताल वा कृत्रिम जलाशयहरूमा विसर्जन गरिन्छ। साथै, यस दिन हतियार, औजार र पुस्तकहरूको पूजा गर्ने परम्परा पनि रहेको छ।

**राष्ट्रपति - विजयादशमी**

राष्ट्रपति द्रौपदी मुर्मुले देशवासीहरुलाई विजयादशमीको शुभकामना दिनुभएको छ। सोशल मीडिया संदेशमा राष्ट्रपतिले रावण विरुद्ध भगवान रामको विजयको प्रतीक यस पर्वको विशेष महत्व रहेको बताउनुभयो। राष्ट्रपतिले भन्नुभयो यो पर्व अधर्म अनि अन्यायमाथि धर्म अनि न्यायको जीतको उत्सव हो। उहाँले सबै नागरिकहरुसित देश को समृद्ध विरासत का आदर्शहरुलाई बनाई राख्ने अनि विकसित भारत तथा समावेशी समाज को निर्माण मा योगदान दिने संकल्प लिने आह्वान गर्नुभएको छ। यसको साथै राष्ट्रपतिले सबै देशवासीको खुशि, सु-स्वास्थ्य अनि कल्याण को कामना गर्नुभएको छ। उपराष्ट्रपति सी. पी. राधाकृष्णनले पनि दशहरा अनि विजयादशमीको अवसरमा देशवासीहरु अन विश्वभरिमा छरिएर बसेका भारतवासीहरुलाई शुभकामना दिनुभएको छ। उपराष्ट्रपतिले यस पर्वले सद्भाव अनि भाईचाराको बंधन सशक्त बनाउन तथा मानसिहरुलाई शांतिपूर्ण, समृद्ध अनि समावेशी भारतको निर्माणको लागि मिलेर काम गर्ने प्रेरणा दिने बताउनुभएको छ। प्रधानमंत्री नरेन्द्र मोदीले पनि देशवासीहरुलाई विजयादशमीको शुभकामना दिनुभएको छ। सोशल मीडियामा आफ्नो संदेश मा श्री मोदीले हर्ष अनि विश्वासले भरिएको यो विजय पर्व सबैको संकल्पहरुलाई नयाँ शक्ति प्रदान गर्ने आशा व्यक्त गर्नुभयो। यसको साथै सबैको जीवनमा सुख, समृद्धि अनि सफलता आउने कामना पनि प्रधान मंत्रीले गर्नुभएको छ।

**नेपाल – बडा दसैँ**

नेपालमा सबैभन्दा ठूलो र महत्त्वपूर्ण चाड 'बडा दसैँ' धार्मिक निष्ठा र परम्परागत उत्साहका साथ मनाइँदै छ। यस पर्वको नवौँ दिन, अर्थात् महा नवमीका अवसरमा काठमाडौँस्थित ऐतिहासिक तलेजु भवानी मन्दिरका ढोकाहरू भक्तजनहरूका लागि खोलिएका छन्। यो मन्दिर वर्षमा एक पटक मात्र खुल्ने गर्दछ। महा नवमीका दिन देवी दुर्गा र उहाँका विभिन्न रूपहरूको पूजा-आराधना गरिन्छ। बडा दसैँले असत्यमाथि सत्यको विजयलाई जनाउँछ; यो पर्व राक्षस महिषासुरमाथि देवी दुर्गाले प्राप्त गर्नुभएको विजयको सम्झनामा मनाइने गरिन्छ।

**हरित दीपावली**

वर्ल्ड वाइड फन्ड फर नेचर (WWF) – इन्डियाले देशभरी 'हरित दीपावली' अभियान सुरु गरेको छ। यस अभियानले नागरिकहरूलाई पटका वा आतिशबाजीको प्रयोग नगर्न र पर्यावरणमैत्री जीवनशैली अपनाउँदै स्वच्छ तथा हरित दीपावली मनाउन आग्रह गरेको छ। पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालय अनुसार यो अभियान नोभेम्बर ८ सम्म सञ्चालन हुनेछ। मन्त्रालयले जनाए अनुसार, यो पहल विद्यालय, कलेज, शैक्षिक संस्थाहरू, आवासीय कल्याण संघहरू र स्थानीय समुदायहरूसम्म पुग्नेछ। 'राष्ट्रिय स्वच्छ वायु कार्यक्रम' अन्तर्गत समेटिएका १३० सहरहरूमा यस अभियानमा विशेष जोड दिइनेछ।यस अभियानको एक हिस्साका रूपमा, नागरिकहरूलाई 'हरित दीपावली' मनाउने प्रतिबद्धता जनाउन प्रोत्साहित गरिएको छ। यसमा पटका नपड्काउनु, परिवार र छिमेकीहरूलाई पनि त्यसो गर्न प्रेरित गर्नु, परम्परागत दियो र ऊर्जा-कुशल बत्तीहरूको प्रयोग गर्नु, एकपटक मात्र प्रयोग हुने प्लास्टिक त्याग्नु, फोहोरलाई वर्गीकरण गर्नु र स्थानीय उत्पादनहरू रोज्नु जस्ता कार्यहरू समावेश छन्। मन्त्रालयले शैक्षिक संस्थाहरू र सामुदायिक समूहहरूलाई विभिन्न भेला, कक्षा, र्‍याली र सामुदायिक बैठकहरूमा प्रतिबद्धता जनाउने कार्यक्रमहरू आयोजना गर्न प्रोत्साहित गरेको छ। साथै, नागरिकहरूलाई WWF-India को 'कार्बन फुटप्रिन्ट सर्वेक्षण' मा सहभागी हुन पनि आग्रह गरिएको छ, जसले उनीहरूको दैनिक गतिविधि र उपभोग शैलीले पर्यावरणीय प्रभावमा कस्तो योगदान पुर्‍याउँछन् भन्ने कुरा बुझ्न मद्दत गर्नेछ। यसको मुख्य उद्देश्य व्यक्तिहरूलाई अझ दिगो बानीहरू पहिचान गर्न र तिनलाई अपनाउन मद्दत गर्नु हो।

**संशो आरएसएस प्रमुख - संबोधन**

राष्ट्रिय स्वसेवक संघ-आर.एस.एस. का प्रमुख डा. मोहन भागवतले आज पश्चिमबाट उत्पन्न एउटा लहरले भारत सहित विश्व को शालीनता, पूर्ण शुभता, संस्कृति र मानवताको मूल्य नष्ट गर्ने प्रयास गरिरहेको बताउनुभएको छ। उहाँले भन्नुभयो कथित विकसित

देश पनि यस लहरको प्रभावका परिरहेको छ र असहाय महसुस गरिरहेका छन्। नागपुर रेशिमबाग मैदानमा आरएसएसको वार्षिक विजयदशमी उत्सव समारोहलाई संबोधन गर्दै डा. भागवतले भन्नुभयो कि देशलाई तोड़ने प्रयास गर्ने शक्तिहरू सुनियोजित रणनीतिहरूको साथमा काम गरिरहेका छन्। उहाँले चेतावनी दिए कि यस प्रकार का आन्दोलनले मूलभूत मुद्दाहरूको समाधान गर्दैनन्। डॉ. भागवतले भन्नुभयो कि विरोध प्रदर्शन राजनीतिक हितहरुको हथियार बन्न सक्छ अनि समाधान दिनको साटो समाज मा विभाजनलाई बढ़ावा दिन सक्छ।

**संयुक्त राष्ट्र संघको महासभामा भारत**

भारतले परमाणु हतियारको पहिलो प्रयोग नगर्ने र गैर-परमाणु हतियार सम्पन्न राष्ट्रहरू विरुद्ध परमाणु हतियारको प्रयोग नगर्ने आफ्नो प्रतिबद्धतालाई बहुपक्षीय कानुनी सन्धिमा समावेश गर्ने आफ्नो प्रस्ताव दोहोऱ्याएको छ। न्यूयोर्कमा संयुक्त राष्ट्र संघको महासभाको पहिलो समितिलाई सम्बोधन गर्दै कांग्रेस सांसद मनीष तिवारीले भारत बहुपक्षीय ढाँचा मार्फत विश्वव्यापी, गैर-भेदभावपूर्ण र प्रमाणित परमाणु निशस्त्रीकरणको लागि प्रतिबद्ध रहेको बताउनुभएको छ। श्री तिवारीले परमाणु परीक्षणमा भारतको स्वैच्छिक रोकलाई पनि दोहोऱ्याउनुभयो। उदीयमान प्राविधिक चुनौतीहरू बारे उल्लेख गर्दै, श्री तिवारीले परामणु हतियारको प्रयोग सम्बन्धी निर्णयहरू मानव नियन्त्रणमा रहनुपर्ने कुरोमाथि जोड दिनुभयो। उहाँले परमाणु कमाण्ड र नियन्त्रण प्रणालीमा कृत्रिम बुद्धिमत्ता (एआई) को एकीकरणमाथि चिन्ता व्यक्त गर्नुभयो।

**एसपी भ्रमण**

दुर्गा पूजा अनि विजया दशमीलाई ध्यानमा राख्दै दार्जिलिङका एस पी श्री येइलवाड श्रीकान्त जगन्नाथरावले लोधोमा पुलिस स्टेशनका ओ सी सोमन विश्वास , पुल बिजनबारी खण्ड विकास कार्यालय अधिकारी तरुण दे, दार्जीलिङ्ग सी आइ इन्स्पेक्टर लगायत एक टोलीले रिम्बिक लोधोमा समष्टिका विभिन्न दुर्गा पूजा आयोजित क्षेत्रहरूको भ्रमण गरेका छन्।

**मौसम**

मौसम विभागले दार्जिलिङ, कालेबुङ लगायत समग्र पहाडी क्षेत्रमा आगामी दिनहरूमा मौसम मुख्यतः सफा रहेतापनि आंशिक रुपमा बदल लाग्न सक्ने सम्भावना व्यक्त गरेको छ। विभाग अनुसार भोलि तथा आगामी केही दिनसम्म पहाडमा बिहानको समयमा आंशिक तुवाँलो तथा हल्का बादल देखिए पनि दिउँसो मौसम सफा रहनेछ। वर्षाको आशंका हाल नरहेको पनि मौसम विभागले बताएको छ।

**********